SOS Hermann Gmeiner Secondary School Sanothimi
Madhyapur-2, Sanothimi, Bhaktapur
Post Box: 757 Kathmandu, Nepal
T: +977 (1) 6630491
hgs.sanothimi@sosnepal.org.np
www.soshgssanothimi.edu.np

मितिः २०८१।१२।१५

## शैक्षिक सत्र २०८२ का लागि विद्यार्थी भर्ना सम्बन्धी सूचना

यस विद्यालयमा शैक्षिक सत्र २०८२ का लागि पूर्व प्राथमिक तह नर्सरी तथा कक्षा ६ र ७ मा नयाँ विद्यार्थी भर्नाका लागि सम्बन्धित सबैमा यो सूचना प्रकासित गरिएको छ। कक्षा ६ र ७ मा भर्ना हुन चाहने विद्यार्थीहरूका लागि २०८१ चैत्र १५ गतेदेखि चैत्र २२ गतेसम्म www.soshgssanothimi.edu.np मा online form भर्नका लागि link उपलब्ध हुनेछ भने पूर्व प्राथमिक तह नर्सरीमा भर्ना हुन चाहनेहरूले विद्यालयबाट भौतिकरुपमा उपलब्ध गराइने भर्ना आवेदन फारम भरी सोही मितिभित्र बुझाउनु पर्नेछ। कक्षा ६ र ७ का लागि कारणबस उक्त link मा गई online फारम भर्न असुविधा भएमा सोही मितिमा बिहान ११:३० बजेदेखि अपरान्ह २:३० बजेसम्म विद्यालयमा उपस्थित भइ भर्ना आवेदन फाराम भरेर बुझाउन सकिने छ। कारणबस **किन्डरगार्टेन, ३, ८ र ९** मा समेत सीमित स्थानहरू खाली रहेकोले उक्त स्थानमा भर्ना हुन चाहने बालबालिकाहरुका अभिभावकज्यूहरूले www.soshgssanothimi.edu.np मा गई भर्ना आवेदन फारम भर्न अनुरोध छ।

एसओएस बालग्राममा संरक्षित बालबालिका तथा एसओएस बालग्राम नेपाल अन्तर्गत कार्यरत कर्मचारीहरूका बालबालिकाहरूका लागि स्थान सुरक्षित गरिए पश्चात बाँकी स्थानमा देहायअनुसार हुनेछ।

| | |
|---|---|
| क) दलित समुदायका बालबालिकाहरू मध्ये | ५ % |
| ख) सीमान्तकृत एवम् आर्थिक रुपले विपन्न, एकल महिला, आपाङ्गता भएका व्यक्तिका बालबालिका मध्ये | १० % |
| ग) अल्पसङ्ख्यक एवम् लोपोन्मुख समुदायका बालबालिका मध्ये | ७ % |
| घ) आर्थिक रुपले विपन्न तथा जेहेन्दार स्थनीय समुदायका बालबालिकाहरू मध्येबाट मध्यपुर थिमि नगरपालिकाले सिफारिस गरेका मध्ये | १० % |
| ङ) खुल्लातर्फ बाँकी | ६८ % |

प्रवेश परीक्षाको तालिका यस प्रकार हुनेछ।

**१. छनोट प्रकिया (नर्सरी): गोला प्रथा**

**क) निर्धारित मापदण्ड पुरा भएका बालबालिकाहरूको गोला प्रथाका लागि नामावली प्रकाशनः**

मितिः २०८१ चैत्र २५ गते सोमबार

**ख) गोला प्रथाबाट छनोट कार्यक्रमः**

मितिः २०८१ चैत्र २७ गते बुधवार, स्थानः विद्यालयको प्रार्थना हल, समयः विहान ९:०० बजे

**२. छनोट प्रकिया (किन्डरगार्टेन):**

बालबालिकाहरुको कियाकलापक अवलोकन तथा संवाद, अभिभावकज्यूहरूसँग अन्तर्वार्ता

मितिः २०८१ चैत्र २५ गते सोमबार समयः १०:३० बजेदेखि

SOS CHILDREN'S VILLAGES

**३. लिखित परीक्षा (कक्षा ६) :**

मितिः २०८१ चैत्र २४ गते आइतबार समयः बिहान ८:३० बजेदेखि १०: ३० बजेसम्म

**४. लिखित परीक्षा (कक्षा ७):**

मितिः २०८१ चैत्र २४ गते आइतबार समयः ११:३० बजेदेखि अपरान्ह १:३० बजेसम्म

**५. प्रवेश परीक्षा (३, ८ र ९ ):**

मितिः २०८१ चैत्र २५ गते सोमबार समयः १०:३० बजेदेखि मध्यान्ह १२:३० बजेसम्म

**६. प्रवेश परीक्षा नतिजा प्रकाशनः**

२०८१ चैत्र २८ गते बिहिबार (अपरान्ह ५:०० बजे पछाडि)

Ranjana

(रन्जना बजगाई)

प्रधानाध्यापक

**पुनश्चः**

१. पूर्व प्राथमिक तह नर्सरीमा भर्ना हुन चाहने बालबालिकाको उमेर २०८२ वैशाख १५ गते सम्ममा ३ वर्ष ६ महिना पूरा भई ४ वर्ष ६ महिना ननाघेको हुनुपर्ने छ।

२. छात्रवृत्ति आवश्यक भएका बालबालिकाका अभिभावकले सो को आवश्यकता पुष्टि हुने छुट्टै निवेदन तथा आधिकारिक निकायबाट प्राप्त आवश्यक कागजातहरू सहित विद्यालयमा भौतिकरुपमा उपस्थित भइ आवेदन पेस गर्नुपर्ने छ।

३. कक्षा ३ मा अंग्रेजी, विज्ञान, गणित तथा नेपाली आधारित ५० पूर्णाङ्क, कक्षा ६ र ७ मा अंग्रेजी, विज्ञान तथा गणितमा आधारित ६० पूर्णाङ्क र कक्षा ८ र ९ अंग्रेजी, विज्ञान तथा गणित विषयमा आधारित १०० पूर्णाङ्ग बराबरको २ घण्टा लामो लिखित परीक्षा लिइने छ।

४. प्रवेश परीक्षामा सामेल हुन प्रवेश परीक्षा शुल्क रु. २००/- (दुई सय) मात्र लाग्ने छ। नर्सरी बाहेक अन्य कक्षाका लागि भर्ना फारममा भुक्तानी प्रकृया सामेल गरिएको छ। नर्सरीका लागि यस विद्यालयको नाममा तल दिइएका बैंकमा उक्त रकम जम्मा गरी सोको भौचर फारामका साथ संलग्न गरी बुझाउनु पर्नेछ।

क) नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड (कुनै पनि शाखा) खाता नं ००२०५०३००१८३७८
ख) एनआईसी एशिया बैंक (कुनै पनि शाखा) खाता नं ४४४१३७१२२८५२४००२

अथवा

उल्लिखित प्रवेश परीक्षा शुल्क एसओएस हर्मन माइनर विद्यालय सानोठिमीको नाममा रहेको e-Sewa को खाता मार्फत समेत बुझाउन सकिने छ।

५. कक्षा ३ देखि ९ सम्मका लागी प्रवेश परीक्षाको नमुना प्रश्नपत्र www.soshgssanothimi.edu.np मा उपलब्ध छ।

**६. माथि उल्लिखित कार्यक्रममा कारणबस कुनै परिवर्तन गर्नु परेमा सो बारेमा विद्यालयको Website www.soshgssanothimi.edu.np मार्फत जानकारी गराइने भएकाले प्रवेश परीक्षाका लागि विद्यालय आउनु पूर्व उक्त वेभ साइटमा गई कुनै नयाँ सूचना भए नभएको सुनिश्चत गर्न सम्बन्धित सबैमा अनुरोध छ।**